

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २१० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन २७ गते आइतबार ❑ 11 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।–


## 'जनतामा नयाँ आशा जगाउन वर्तमान सरकार गठन भएको हो'

पोखरापत्र संवाददाता
पोखरा, २६ साउन

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले राजनीतिक स्थायित्वसहित आर्थिक विकास र सुशासन कायम गर्न प्रमुख दुईदलका बीचमा सहकार्य भएको बताउनुभएको छ ।



नेपाल कम्युनिष्ट पार्टी (एमाले) कास्कीद्वारा शनिबार पोखरामा आयोजित अगुवा कार्यकर्ता भेटघाट कार्यक्रममा उहाँले भन्नुभयो "जनतामा विकासको आशा जगाउन वर्तमान सरकार गठन भएको हो । सरकारले मुलुकसामु देखा परेका समस्यालाई सम्बोधन गर्नेछ ।" उहाँले संसदीय व्यवस्था भएका मुलुकमा दुई ठूला दल मिलेर बिरलै सरकार बनाउने गरेपनि नेपालका लागि भने त्यो नौलो होइन भन्नुभयो । "मुलुकले भोग्नुपरेका समस्या समाधानका लागि यसअघि पनि कांग्रेस र एमालेबीचमा सहकार्य भएको थियो", उहाँले भन्नुभयो, "मन्दीमा रहेको अर्थतन्त्रलाई गतिशील बनाउने, रोजगारी सिर्जना, सुशासन र समृद्धिको सङ्कल्पसहित वर्तमान सरकार गठन भएको हो ।"

वर्तमान सरकारलाई असफल हुने छुट नभएको जनाउँदै सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चार तथा सूचना प्रविधिमन्त्रीले पुराना र मूलधारका राजनीति दलको औचित्यमा प्रश्न उठ्न दिनुहुँदैन भन्नुभयो । उहाँले राजनीतिक स्थिरतासहित जनतामा विकास र सुशासनको अनुभूति गराउन सरकार क्रियाशील रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "लोकतन्त्र र गणतन्त्र ल्याउन सङ्घर्ष गरेका दलहरु असफल भएमा प्रतिगमनकारीले टाउको उठाउने जोखिम हुन्छ , यसतर्फ हामी सचेत बन्नुपर्छ ।"

मन्त्री गुरुङले नेपाल टेलिकम, हुलाकलगायत राज्यको स्वामित्वमा रहेका संस्थाको गुणस्तर सुधारसहित प्रतिस्पर्धी बनाउनुपर्छ भन्नुभयो । पुराना सञ्चार नीति, कानुनपरिमार्जन गरिने, 'डिजिटल' नेपालको अवधारणाअनुसार सूचनाप्रविधिको अधिकतम उपयोगलाई जोड दिइएको उहाँले बताउनुभयो ।

## स्याङ्जामा नागरिकताभन्दा राहदानी लिने बढी

पोखरापत्र संवाददाता
स्याङ्जा, २६ साउन

स्याङ्जामा नागरिकता लिनेभन्दा राहदानी बनाउनेको सङ्ख्या बढी रहेको पाइएको छ । आर्थिक वर्ष २०८०/८१ मा जिल्ला प्रशासन कार्यालय स्याङ्जा र इलाका प्रशासन कार्यालय वालिङबाट नागरिकता बनाउनेभन्दा राहदानी लिनेको सङ्ख्या पाँच हजारभन्दा बढी रहेको छ ।



सहायक प्रमुख जिल्ला अधिकारी एवं सूचना अधिकारी दीपक पौडेलका अनुसार आव २०८०/८१ मा स्याङ्जाबाट नौ हजार चार सय ८७ जनाले नागरिकता लिएका थिए । सोही अवधिमा चौध हजार आठ सय २२ जनाले राहदानी लिएका छन् । जिल्ला प्रशासन कार्यालय स्याङ्जा र इलाका प्रशासन कार्यालय वालिङबाट कूल १५ हजार एक सय ९३ राहदानी सिफारिस गरिएको थियो । सिफारिस गरिएका राहदानी बनेर आए पनि व्यक्ति लिन नआउँदा सिफारिसभन्दा वितरण थोरै देखिएको हो । गत आवमा राहदानी बनाएकामध्ये तीन सय ७१ राहदानी वितरण गर्न बाँकी नै रहेको उहाँले बताउनुभयो । सदरमुकामस्थित जिल्ला प्रशासन कार्यालय र वालिङस्थित इलाका प्रशासन कार्यालयबाट नागरिकता तथा राहदानी वितरण हुँदै आएको छ । जिल्ला प्रशासन कार्यालय स्याङ्जाबाट आव २०८०/८१ मा प्रतिलिपिबाहेक वंशजका आधारमा र गैरआवासीय नागरिकता चार हजार नौ सय चार वितरण गरिएको सूचना अधिकारी पौडेलले बताउनुभयो । सोही अवधिमा इलाका प्रशासन कार्यालय वालिङबाट चार हजार पाँच सय ८३ नागरिकता वितरण भएका थिए । दुवै कार्यालयबाट गत आवमा कूल नौ हजार चार सय ८७ नागरिकता वितरण भएका थिए । स्याङ्जाबाट वैवाहिक अङ्गीकृत नागरिकता २४ वितरण भएका सूचना अधिकारी पौडेलले बताउनुभयो । स्याङ्जाबाट १९ र वालिङबाट पाँच वैवाहिक अङ्गीकृत नागरिकता वितरण भएका थिए । कूल चौध हजार आठ सय २२ राहदानीमध्ये स्याङ्जाबाट सात हजार चार सय ४३ र वालिङबाट सात हजार तीन सय ७९ वितरण भएका थिए । "जिप्रका तथा इप्रकाबाट नागरिकताभन्दा राहदानी लिने सेवाग्राही बढी छन्", उहाँले भन्नुभयो, "अध्ययन, रोजगारीका लागि तथा घुम्न जाने, तत्काल आवश्यक नपरे पनि बनाएर राख्ने तथा चाहिँदा तत्काल प्रयोग गर्न पाइने भएकाले पनि राहदानी बनाउनेको सङ्ख्या धेरै देखिएको हो ।"

## डेङ्गी र हैजाका सङ्क्रमित बढे

रासस
काठमाडौं, २६ साउन

पछिल्लो समय डेङ्गी र हैजाका सङ्क्रमितको सङ्ख्यामा वृद्धि भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका अनुसार डेङ्गी सङ्क्रमितको सङ्ख्यामा तीन हजार ८४ पुगेको छ । चार दिनयता सात सय २२ जना डेङ्गी सङ्क्रमित थपिएका हुन् । यही साउन २१ गते दुई हजार तीन सय ६५ जनामा डेङ्गी पुष्टि भएको थियो । यो सङ्ख्या शुक्रबारसम्म तीन हजार ८४ रहेको महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले जानकारी दिनुभयो । उहाँका अनुसार मुस्ताङ, डोल्पा, जुम्ला र हुम्लाबाहेक सबै जिल्लामा डेङ्गी सङ्क्रमण फैलिएको छ । सबभन्दा बढी डेङ्गी तनहुँमा पाँच सय ८३ जनामा देखिएको छ । काठमाडौँ जिल्लामा तीन सय सात, कास्कीमा एक सय ६६ र झापा एक सय ३५ जना डेङ्गी सङ्क्रमित देखिएका छन् । स्वास्थ्य मन्त्रालयले डेङ्गी सङ्क्रमितको सङ्ख्या बढेपछि हरेक शुक्रबार सरकारी तथा गैरसरकारी कार्यालयमा र अस्पताल परिसरमा सरसफाइ गर्नुको साथै 'लामखुट्टे खोज र नष्ट गर' अभियान सञ्चालन गर्न आग्रह गरेको छ । 'सरकारी अस्पतालमा डेङ्गी रोगका बिरामीको उपचार खर्च सरकारले व्यहोर्ने निर्णय गरेको छ । यस्तै महाशाखाका अनुसार हैजाका बिरामीका सङ्ख्या ४७ पुगेका छन् । किटजन्य रोग शाखाका प्रमुख डा दाहालले ललितपुर, काठमाडौँ, प्यूठान, कैलाली र रुपन्देहीमा हैजाका बिरामी देखिएका बताउनुभयो । उहाँका अनुसार ललितपुरमा ३४, काठमाडौँमा दुई, कैलालीमा आठ , प्यूठानमा दुई र रुपन्देहीमा एक जनामा हैजा पुष्टि भएको छ ।

## ज्येष्ठ नागरिक सामूहिक रूपमा सम्मानित

पोखरापत्र संवाददाता
स्याङ्जा, २६ साउन

स्याङ्जाको वालिङमा १५ ज्येष्ठ नागरिकलाई सामूहिक रूपमा सम्मान गरिएको छ । मातापिता प्रतिष्ठान र वालिङ नगरपालिकाको सहकार्यमा नगरभित्रका १४ वटै वडाका १५ ज्येष्ठ नागरिकलाई आज एक कार्यक्रमका बीच सम्मान गरिएको हो ।



पहिलो चरणमा नगरपालिकाका सबैभन्दा ज्येष्ठ नागरिकलाई सामूहिक रूपमा सम्मान गरिए र यसलाई निरन्तरता दिने योजना रहेको प्रतिष्ठानका अध्यक्ष श्यामप्रसाद ढुङ्गानाले बताउनुभयो । "वडा कार्यालयले ज्येष्ठताका आधारमा नाम सिफारिस गरेअनुसार १५ जना ज्येष्ठ नागरिक एकै स्थानबाट सम्मान गरेका हौँ", उहाँले भन्नुभयो, "यसलाई आगामी वर्षहरूमा पनि निरन्तर रूपमा अगाडि बढाउने छौँ ।"

ज्येष्ठ नागरिकप्रति परिवार तथा समाजले हेर्ने दृष्टिमा परिवर्तन ल्याउने र स्याहारसुसारमा ध्यान केन्द्रित गराउने उद्देश्यले प्रतिष्ठान कार्यक्रम गरिरहेको अध्यक्ष ढुङ्गानाले बताउनुभयो । "ज्येष्ठ नागरिक हाम्रा सम्पत्ति, अभिभावक र अनुभवका खानी हुन् । जीवनको उत्तरार्धमा सम्मानजनक तरिकाले जीवनयापन गर्न गराउनका लागि साङ्केतिक रूपमा सम्मानलगायत कार्यक्रम गर्दै आएका हौँ", उहाँले भन्नुभयो ।

कार्यक्रममा ११ पुरुष र चार महिलालाई सम्मानपत्र, दोसल्ला तथा नगदसहित सम्मान गरिएको थियो । सम्मानित हुनेहरूमा वडा नं १ बाट दुईजना र अन्य वडाबाट एक-एक जना हुनुहुन्थ्यो । उहाँहरू ८५ वर्षभन्दा माथि उमेर समूहका हुनुहुन्छ । वालिङ-८ की ९३ वर्षीया चन्द्रकला सुवेदीले सम्मानित हुन पाउँदा खुसी लागेको बताउनुभयो । बुढेशकालमा खोजीखोजी सम्मान गर्दा यसले राम्रो सन्देश दिएको उहाँको धारणा छ ।

उहाँहरूलाई सम्मान गर्नुहुँदै गण्डकी प्रदेशसभा अर्थ तथा विकास समितिका सभापति भोजराज अर्यालले ज्येष्ठ नागरिकलाई सम्मान गर्दा यसले समाज तथा परिवारमा सकारात्मक सन्देश प्रवाह भएको बताउनुभयो । ज्येष्ठ नागरिक अनुभवका खानी भएकाले उहाँहरूसँग भएको अनुभवलाई ग्रहण गर्नसक्नुपर्नेमा उहाँको जोड थियो ।




# कृषि सहकारीद्वारा ६७ लाखको सागसब्जी बिक्री

**पोखरापत्र संवाददाता**
वालिङ, २६ साउन

जिल्लाको वालिङमा रहेको त्रियासी कृषि उपज तथा बजार व्यवस्थापन सहकारीले एक वर्षमा रु ६७ लाख बढीको सागसब्जी बिक्री गरेको छ । वालिङ नगरपालिका-१ त्रियासीमा रहेको सहकारीले गत आर्थिक वर्ष २०८०/८१ मा रु ६७ लाख २५ हजार दुई सय ९९ सागसब्जी बिक्री गरेको हो ।

सहकारीमा आबद्ध भएका कृषक शेयर सदस्यहरुले आ-आफ्नो खेतबारीमा उत्पादन भएका सागसब्जी सहकारीले सङ्कलन गरी बिक्री गर्दै आएको सहकारीका अध्यक्ष अर्जुनप्रकाश अर्यालले बताउनुभयो । "यहाँका कृषकले ठूलो परिमाणमा विभिन्न प्रजातिका सागसब्जी र फलफूल उत्पादन गरी सहकारीमा ल्याउनुहुन्छ", उहाँले भन्नुभयो, "सहकारीले स्थानीय बजारका साथै पोखरा, बुटवल, काठमाडौँ लगेर बिक्री गर्न समन्वय गरिरहेको छ ।" कृषकले उत्पादन गरेका सागसब्जीलाई बजार समस्या नरहेको बताउँदै अध्यक्ष अर्यालले उत्पादित सागसब्जी र फलफूलहरु सहकारीको सङ्कलन केन्द्रमा राखेर बिक्री गर्दै आएको जानकारी दिनुभयो । "कृषकबाट सङ्कलन गरिएका कृषि उपज केन्द्रमा सङ्कलन गरी राख्छौँ ।

स्थानीय व्यापारी यहाँ आएर खरिद गरेर लैजानुहुन्छ", उहाँले भन्नुभयो, "ठूलो परिमाणमा उत्पादन हुँदा सहकारीको सवारीसाधनमार्फत स्याङ्जा, बुटवल, पोखरालगायत सहरका बजारमा लगेर बिक्री गर्दै आएका छौँ ।" कृषकले केन्द्रमा सागसब्जी, फलफूल तथा अन्य कृषि उपज ल्याएपछि सोको विवरण सहकारीका कर्मचारीले लिने गरेका बताउँदै अध्यक्ष अर्यालले बिक्रीपछि आम्दानी सहकारीमा रहेको कृषकको खातामा राखिदिने व्यवस्था गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार सहकारीले कृषि उपजको परिमाणका आधारमा प्रतिकिलो रु तीन खर्च कटाउँदै आएको छ ।

कटौती गरिएको रकमबाट कृषकलाई आयमूलक सीप विकासका लागि विभिन्न तालिम, गोष्ठी तथा अवलोकन भ्रमण गराउने, सहकारीको कार्यक्षेत्रभित्र सिँचाइ, कृषि सडक विस्तार र स्तरोन्नति गर्ने, साना कृषकको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याउने कार्यमा प्रयोग गरिँदै आइएको सहकारीका अध्यक्ष अर्यालले उल्लेख गर्नुभयो । "सहकारीमार्फत कृषकहरुलाई आवश्यक पर्ने सेवा सुविधा उपलब्ध गराउने सरोकार भएका निकायसँग सम्पर्क गराउँदै व्यावसायिक क्षमता विकासमा सहयोग पुर्‍याउँदै आएका छौँ", उहाँले भन्नुभयो, "कृषकलाई समूहमा आबद्ध गराइ सरल, सुलभ र प्रभावकारी ढङ्गले कृषि कर्जा वितरण गरिरहेका छौँ ।"उत्पादित सागसब्जीको बिक्रीमा बजारको समस्या नभएको यहाँका अगुवा कृषक लीलाबल्लभ काफ्लेले बताउनुभयो । गत आवमा रु तीन लाख बढीको सागसब्जी सहकारीमा बिक्री गरेको उहाँले जानकारी दिनुभयो । "चौध रोपनी क्षेत्रफलमा गोलभेँडा, काक्रा, बोडी, बोडा, घिरौँला, करेला, बन्दा, काउली उत्पादन गरी बिक्री गर्दै आइरहेको छु", उहाँले भन्नुभयो, "घरबाटै बिक्री गर्नेभन्दा सहकारीमार्फत गर्दा सहज हुनाका साथै एकैमुस्ट रकम प्राप्त हुन्छ ।" उत्पादित कृषि उपज सहकारीमा लगेर तौलेर छोडेपछि बजार मूल्यका आधारमा सहकारीमा रहेको आफ्नो खातामा रकम आउने काफ्लेले उल्लेख गर्नुभयो । "हामीले सहकारीमा लगेर छोडेको सागसब्जी तथा फलफूल सहकारीले बिक्री गर्छ", उहाँले भन्नुभयो, "बिक्री गरेर आएको रकम खातामा जम्मा हुन्छ, जहिले आवश्यक पर्छ सोही बेला निकाल्न सकिन्छ ।"

वालिङ-१ त्रियासीका ६० वर्षीय भूमिनन्द रेग्मीले २४ वर्षदेखि व्यवसायिक रुपमा सागसब्जी र फलफूल उत्पादन गर्दै आउनुभएको छ । उहाँले पनि सहकारीमार्फत बिक्री गरी पुरस्कृतसमेत भएको बताउनुभयो। "सहकारीमा सबैभन्दा बढी कृषि उपज सङ्कलन गरेर पुरस्कृत हुँदै आएको छु", कृषक रेग्मीले भन्नुभयो, "सागसब्जी र फलफूल खेतीबाट वार्षिक रु तीन लाअ बढी आम्दानी हुन्छ । छ रोपनी क्षेत्रफलमा मौसमी तथा बेमौसमी सागसब्जी उत्पादन गर्दै आइरहेको छु ।" उहाँले गत आवमा रु तीन लाख मूल्य बराबरको साजगब्जी र तरकारी बिक्री गरेको जानकारी दिनुभयो ।

सहकारीले प्रत्येक वर्ष धेरै परिमाणमा कृषि उपज सङ्कलन गराउने कृषकलाई पुरस्कृत गर्दै आइरहेको जनाएको छ । उत्पादित सागसब्जी र फलफूल आइतबार, मङ्गलबार र बिहीबार केन्द्रमा सङ्कलन गरी बिक्री गर्दै आइएको सहकारीका प्रबन्धक सगुन खाँणले बताउनुभयो ।

# हुलाक सेवालाई प्रविधिमैत्री बनाउनुपर्नेमा सञ्चारमन्त्रीको जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २६ साउन



सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले हुलाक सेवालाई प्रभावकारी एवं प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

पोखरास्थित हुलाक निर्देशनालयको निरीक्षणपछि मन्त्री गुरुङले हुलाकसम्बन्धी पुराना नीति, नियमलाई परिमार्जन गर्दै हुलाक सेवालाई समयसापेक्ष बनाउनुपर्ने बताउनुभयो ।

हुलाक सेवा प्रभावकारी हुन नसकेको गुनासो आइरहेकै बेला यसलाई कसरी प्रभावकारी र प्रविधिमैत्री बनाउने भन्ने बारेमा आफू चिन्तित रहेको बताउनुभयो । दुर्गम गाउँका जनतालाई शीघ्र सेवा प्रवाह गर्न सम्बद्ध कर्मचारी सधैं सचेत हुनुपर्नेमा उहाँले जोड दिनुभयो । "पुरानो ढर्राबाट अब हुलाक सेवा चल्ने वाला छैन, तत्कालै परिवर्तन गर्न सकिने अवस्था पनि छैन, विस्तारै हुलाक सेवालाई प्रविधिमैत्री बनाउने छु, मन्त्री गुरुङले भन्नुभयो-हुलाक सेवालाई समयसापेक्ष बनाउन कर्मचारी पनि प्रविधिमैत्री सिक्न जरुरी छ ।" निर्देशनालयका प्रमुख कीर्तनराज पौडेलले पर्याप्त जनशक्ति र यातायातका साधनको अभावमा पनि हुलाकका कर्मचारीले सेवा प्रवाह गरिरहेका बताउनुभयो । नब्बे जनाको दरबन्दी भएको निर्देशनालयमा ४२ कर्मचारीबाट काम भइरहेको बताउनुभयो ।

# भानु नगरपालिकामा स्थानीय पाठ्यपुस्तक 'हाम्रो भानु'

**पोखरापत्र संवाददाता**
गण्डकी, २६ साउन

तनहुँको भानु नगरपालिकाले स्थानीय पाठ्यपुस्तक लागू गरेको छ । नगरपालिकाले कक्षा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यपुस्तक 'हाम्रो भानु' लागू गरेको हो ।

नगरको शिक्षा शाखा प्रमुख ध्रुवराज पौडेलले शैक्षिक क्षेत्रमा पहिलोचरणमा गत शैक्षिकसत्रमा कक्षा १ देखि ५ सम्म र चालु शैक्षिकसत्रमा कक्षा ६ देखि ८ सम्मका लागि पाठ्यपुस्तक निर्माण गरी सबै विद्यालयमा वितरण गरेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यस वर्ष कक्षा १-५ को परिमार्जित संस्करण र कक्षा ६-८ को नयाँ संस्करण निर्माणगरी वितरण गरिएको हो । आधारभूत तह कक्षा १-८ सम्म नै पाठ्यपुस्तक तयार गरी कार्यान्वयनमा ल्याउने भानु तनहुँ जिल्लाको पहिलो स्थानीय तह बनेको छ ।" स्थानीय जनप्रतिनिधि, शिक्षकका पेशागत सङ्गठन, प्रधानाध्यापक, शिक्षक, बुद्धिजीवीलगायतको सहयोगमा निर्माण गरिएको पाठ्यक्रममा भानुको मौलिक पहिचान जनाउने विषय समावेश गरिएको र यसले बालबालिकाको सिकाइ उपलब्धि सुधार हुने अपेक्षा गरिएको नगरप्रमुख आनन्दराज त्रिपाठीको भनाइ छ । नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यको योगदानलाई प्रचारप्रसार गर्ने उद्धेश्यसहित पाठ्यपुस्तक तयार गरिएको उहाँले बताउनुभयो । भानु नगरपालिका-४ चुँदीरम्घा शिखर कटेरीमा जन्मिनुभएका आचार्यको नाममा तत्कालीन भानु गाविस र हाल भानु नगरपालिका नामकरण गरिएको छ ।

# 'बोरा'माथि बहस

**पोखरापत्र संवाददाता**
पोखरा, २६ साउन



पत्रकार एवं आख्यानकार अखण्ड भण्डारी शनिबार पोखरेली पाठकमाझ प्रस्तुत हुनुभयो । आफ्नो उपन्यास कृति 'बोरा'माथिको परिचर्चा कार्यक्रममा उहाँले उपन्यास लेखनको अनुभव र रचनागर्भ सुनाउनुभयो ।

र्‍यान्डम रिडर्स सोसाइटीद्वारा आयोजित उक्त कार्यक्रममा लेखक भण्डारीले भन्नुभयो, "यो सत्य घटनामा आधारित हाम्रो समाजको प्रतिनिधि कथा हो, विस्तृत खोज अनुसन्धानपछि उपन्यास लेखेको हुँ ।" आफू पत्रकारसमेत भएकाले उपन्यासका माध्यमबाट समाजका घटना र प्रवृत्तिलाई पर्गेल्न सहज भएको अनुभव उहाँले सुनाउनुभयो । सामाजिक विकृति तथा विसङ्गित न्यूनीकरणमा उपन्यासले सघाउने उहाँको विश्वास छ । सन्तानबाट अपहेलित भएर बोरामा फालिनुपरेकी आमाको यथार्थ घटनाबाट 'बोरा' उपन्यास जन्मिएको लेखक भण्डारीलेबताउनुभयो।बसहकर्ता उपप्राध्यापक राजिन पनेरुले केही त्रुटी र सीमाका बावजुत भण्डारीको उपन्यास सरल, सहज र बोधगम्य रहेको बताउनुभयो । उहाँले आमाप्रति श्रद्धा गर्ने प्रत्येक सन्तानले पढ्नै पर्ने उपन्यासका रूपमा 'बोरा'लाई चिनाउनुभयो । "उपन्यासले सृष्टिकी आदिम शक्ति आमाको महिमा संसारमै उच्च र प्रशंसनीय हुन्छ भन्ने दृष्टान्त प्रस्तुत गरेको छ", समालोचक पनेरुले भन्नुभयो । उपन्यासले सामाजिक एवं आदर्शोन्मुख यथार्थवादी धारालाई पछ्याएको उहाँको भनाइ छ । काव्यात्मक र सूक्तिमय संवादले उपन्यासलाई पठनीय र मननीय बनाएको उहाँले बताउनुभयो ।

उपन्यासको कथावस्तु राणाकालीन अवशेष, पञ्चायतकाल हुँदै बहुदलीय व्यवस्थापछिका शृङ्खलामा बद्ध रहेको उहाँको भनाइ छ । प्रस्तुत घटनासन्दर्भले सामन्ती व्यवस्था नारीमाथिको शोषण तथा दृष्टिकोण र सामाजिक न्यायबारे चर्चा गरेको समालोचक पनेरुले उल्लेख गर्नुभयो । उहाँले उपन्यासका केही घटना र सन्दर्भ अतिशयोक्तिपूर्ण लागेपनि कुशल नाटकीय तारतम्यले त्यसलाई बिर्साइदने बताउनुभयो । अन्नपूर्ण पोष्ट दैनिककासम्पादकसमेतरहनुभएका भण्डारीको उक्त उपन्यास कृति गत चैतमा सार्वजनिक भएको थियो । 'बोरा' उहाँले दोस्रो उपन्यास हो । यसअघि उहाँको 'मलाया एक्प्रेस' उपन्यास लेख्नुभएको थियो । कार्यक्रममा उपन्यासबारे बौद्धिक पाठकहरूले जिज्ञास तथा सुझाव राखेका थिए ।

पाठकसँगको संवादमा आख्यानकार भण्डारीले आफ्नो लेखकीय अनुभव बाँड्नुभएको थियो । र्‍यान्डम रिडर्स सोसाइटीका अध्यक्ष रुपिन्द्र प्रभावीले उपन्यासमाथि बौद्धिक मन्थन र विमर्श भएको बताउनुभयो । सोसाइटीले नियमित रूपमा कवि, लेखकहरूका कृतिमाथि परिचर्चा कार्यक्रम आयोजना गर्दै आएको उहाँको भनाइ छ ।

# देश गरिबीबाट मुक्त नभएसम्म समृद्धि हासिल हुँदैन : प्रधानमन्त्री

**रासस**
काठमाडौं, २६ साउन

प्रधानमन्त्री केपी शर्मा ओलीले देशवासीलाई गरिबीबाट मुक्त नगरेसम्म 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा नहुने बताउनुभएको छ ।

'लायन्स इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ के' को जिल्ला पदस्थापना र प्रथम क्याबिनेटलाई शनिबार सम्बोधन गर्दै प्रधानमन्त्रीले मुलुकलाई अल्पविकसित राष्ट्रको सूचीबाट स्तरोन्नति गर्न रोजगारी, उत्पादन र उद्यमशीलतामा विशेष जोड दिन आवश्यक भएको बताउनुभयो । उहाँले भन्नुभयो -"अझै पनि २० प्रतिशत नेपाली गरिबीको रेखामुनि छन् । भोका बालबालिकका र मानिसलाई खान लाउने वातावरण दिन सकिएन भने हामीले समृद्ध नेपालको परिकल्पना गर्नुको सार्थकता रहँदैन ।'


## राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाऔं ।

◆ स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं,
◆ आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं,
◆ देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं,
◆ मितव्ययी बनौं, फजुल खर्च नगरौं,
◆ विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं,
◆ अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरौं ।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार**

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# सत्य तथ्य रिपोर्ट नहुने समस्या

१५ दिनको बीचमा दुई हेलिकप्टर र हवाई दुर्घटनापछि नेपालको हवाई उडान असुरक्षित बनेको छ । हवाई उडानको ६९ वर्षको नेपाली आकाशको इतिहासमा १०९ वटा सानाठुला दुर्घटना भएका छन् । यी दुर्घटनामा परेर ९७४ जनाको दुःखद निधन भएको तथ्य सार्वजनिक छ । गत साउन ९ गते सौर्य एयरलाइन्सको जहाज दुर्घटना हुँदा १८ जनाको निधन भएको पीडा सेलाउन नपाउँदै पुनः एयर डाइनेस्टीको हेलिकोप्टर दुर्घटनामा बुधबार पाँच जनाको निधन भयो । सौर्य एयरलाइन्सको जहाज विमानस्थलबाट उडेलगत्तै दुर्घटना भएको थियो भने उक्त दुर्घटनाको १४ दिनमै एयर डाइनेस्टीको हेलिकोप्टर उडेलगत्तै नै बेपत्ता भई दुर्घटना भएको छ । नुवाकोटको शिवपुरी गाउँपालिका-७, सूर्यचौरमा साउन २३ गते भएको दुर्घटनाले नेपाली आकाशको असुरक्षालाई निरन्तरता दिएको छ । अनुभवी पाइलटको अवसान र चार जना चिनियाँ नागरिकको मृत्युले नेपालको आकाश असुरक्षित भएको नकारात्मक सन्देश गएको छ ।

नेपालमा हेलिकोप्टर दुर्घटनाका मात्रै सङ्ख्या ४१ पुगेको छ । विभिन्न कम्पनीका हेलिकोप्टर दुर्घटनामा परेर हालसम्म ९७ जनाको ज्यान गइसकेको छ । हेलिकोप्टर दुर्घटनाको इतिहासमा सबैभन्दा ठुलो मानवीय क्षति भएको दुर्घटना ताप्लेजुङको हो । विसं २०६३ मा तत्कालीन वनमन्त्री गोपाल राईसहित वन तथा वातावरण क्षेत्रका विज्ञ सवार श्री एयरलाइन्सको हेलिकोप्टर खराब मौसमका कारण दुर्घटना हुँदा २४ जनाको निधन भएको थियो । यसै गरी विसं २०७५ मा पुनः ताप्लेजुङमै एयर डाइनेस्टीको हेलिकोप्टर दुर्घटना हुँदा तत्कालीन पर्यटनमन्त्री रवीन्द्र अधिकार सिहत सात जनाको निधन भएको दुःखद स्मरण छ । पछिल्लो पटक विसं २०८० असार २६ मा सोलुखुम्बुको लामजुरामा भएको मनाङ एयरको हेलिकोप्टर दुर्घटनामा छ जनाको ज्यान गएको नागरिक उड्डयन प्राधिकरणको तथ्यांकले देखाउँछ । दुर्घटनाका शृङ्खला थपिँदै जाँदा नेपाली आकाशमा उडान सुरक्षित हुँदा पर्यटन उद्योगमा नकारात्मक प्रभाव पर्न सक्ने जोखिम छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ अनुसार नेपालमा वायुसेवा सञ्चालनको अनुमति दिने, वायुसेवा सञ्चालनसम्बन्धी अवस्था, मर्मतलगायतका मुख्य कार्यको अनुगमन नेपाल नागरिक उड्डयन प्राधिकरणले गर्छ । प्राधिकरणलाई अनुगमनकारी र नियमनकारी दुई छुट्टाछुट्टै निकाय बनाउनुपर्ने आवाज उठ्न थालेको पनि धेरै भइसकेको छ । युरोपेली सङ्घले नेपाली ध्वजावाहकलाई युरोपको आकाशमा विसं २०७० देखि निरन्तर प्रतिबन्ध लगाउँदै आएकोमा प्रतिबन्ध फुकुवाका लागि उसले दुई छुट्टाछुट्टै निकाय बनाउन सुझाएको छ । यसै विषयलाई लिएर सङ्घीय संसद्मा समेत बहस प्रारम्भ भएको छ । दुर्घटनापछि सत्यतथ्य पत्ता लगाउन छानबिन समिति गठन गरिने प्रचलन अनुसार यो पटक पनि गठन भइसकेको छ ।

समितिले जहाज तथा हेलिकोप्टरका प्राविधिक कमजोरीभन्दा पनि नियमनकारी निकाय र मानवीय पक्षको कमजोरीकै कारण धेरै जसो दुर्घटना हुने तथ्य देखाउने गरेका छन् । दुर्घटनापछि हुने फितलो छानबिन र त्यसको कार्यान्वयनमा सरोकारवाला पक्ष उदासीन रहँदा दुर्घटना दोहोरिने गरेको हवाईविज्ञको बुझाइ नै आमजनताको पनि बुझाइ हो । नेपाली आकाशमा दुर्घटना बढ्नुमा मानवीय कमजोरीसँगै पहाडी भूगोल, अप्ठ्यारा विमानस्थल, साँघुरो धावनमार्ग, खराब मौसम, विमानस्थलमा आधुनिक उपकरणको अभाव, चराको विचरण, चालकदलमाथि दबाब जस्ता कमजोरी दुर्घटनापश्चात् गठित जाँचबुझ समितिले बुझाएका प्रतिवेदनमा आउने गरेका छन् ।

सौर्य एयरलाइन्सको जहाज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग छाड्नेबित्तिकै दुर्घटनामा परेको सम्बन्धमा छानबिन गर्न सरकारले आयोग गठन गरेकोमा प्रतिवेदन आउन बाँकी नै छ । एयर डाइनेस्टीको हेलिकोप्टर दुर्घटनाको सत्यतथ्य छानबिन गर्न पनि सरकारले बुधबार नै तीन सदस्यीय छानबिन समिति गठन गरिसकेको छ । छानबिन समितिले दुर्घटनाको सत्यतथ्य रिपोर्ट दिनमा आशंका छ । दिएपनि प्रतिवेदन कार्यान्वयन नहुने अवस्था छ अब दुखद घटना दोहोरिन नदिन प्रतिवेदन सार्वजनिक गर्ने र कार्यान्वयन गर्ने विश्वास सरकारले दिलाउनु जरुरी छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : शुभ यात्रा | धनु | : शारीरिक झमेला |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : मानसिक तनाव |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : व्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कालीगण्डकीमा आएको छालले कृषि फार्ममा क्षति

पोखरापत्र संवाददाता
पोखरा, २६ साउन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घिरच्याङमा कालीगण्डकी नदीमा आएको छालले कृषि फार्ममा क्षति पुऱ्याएको छ ।

अन्नपूर्ण-२ कटुञ्जको भिरबाट आज कालीगण्डकीमा पहिरो खस्दा खोला पारी रहेको घिरच्याङमा रहेको दाजुभाई कृषि तथा पशुपंक्षी फार्ममा क्षति भएको हो । गएराति भिरबाट कालीगण्डकीमा खसेको पहिरोले ल्याएको छालले आठसय ब्रोइलर जातका कुखुरा भएको खोर भत्किएको अन्नपूर्ण-२ वडाध्यक्ष रामबहादुर खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार कालीगण्डकीको छालले सो फार्म वरपरको करिब १० रोपनी खेतबारीमा हिलो थुपिएको छ । फार्मका सञ्चालक गोपाल खत्रीले खोरभित्र रहेका सबै कुखुरा मरेका र दाना काम नलाग्ने भएको बताउनुभयो ।

कालीगण्डकीको सतहभन्दा करिब २० मिटर माथिसम्म छाल आएको थियो । जनप्रतिनिधि र प्रहरीको टोलीले १२ लाख बराबरको क्षति भएको अनुमान गरेका छन् ।

# गोरखा तमु समाज कास्की पोखराको अध्यक्षमा सन्दिप कुमार गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, २६ साउन



गोरखा तमु समाज कास्की पोखराको तेह्रौं साधारणसभा तथा सातौ अधिवेशनले गुरुङलाई सर्वसम्मत अध्यक्षमा निर्वाचित गरेको छ ।

समाजको उपाध्यक्षमा कमला गुरुङ सचिवमा धर्मेन्द्र गुरुङ सहसचिवमा कृष्ण बहादुर गुरुङ कोषाध्यक्षमा गङ्गा गुरुङ चयन भयका छन। त्यसै गरि कार्यसमितिको सदस्यहरुमा कुमार गुरुङ, सोनि गुरुङ, अमृत गुरुङ, डिल माया गुरुङ, राकेश गुरुङ, पुजा गुरुङ, माया गुरुङ, रेखा गुरुङ,सरस्वती गुरुङ र काईला गुरुङ रहेका छन । नवनिर्वाचित कार्यसमितिलाई निर्वाचन समितिको सयोजक ज्ञान बहादुर गुरुङले पद तथा गोपनियताको सपत ग्रहण गरायका थिए । समाजका अध्यक्ष बुद्धि माया गुरुङ्ज्युको अध्यक्षतामा भयको सो कार्यक्रममा प्रमुख अतिथि पोखरा महानगरपालिका वडा न १५ का अध्यक्ष तोरण बहादुर बानियाँले वडा र समाज हरेक काममा सहकार्य गरेर अघि बढनु पर्ने बताउनु भयो। साथै विशेष अतिथि अल्कापुर टोल विकास सस्थाका उपाध्यक्ष जगन्नाथ भण्डारीले पनि टोलले हरेक कुरामा समाज लाई सहयोग गर्ने बताउनुभयो । समाजभित्रको २०८० सालको एसईई उत्तीर्ण विद्यार्थीहरुलाई प्रमुख अतिथिबाट प्रशंसा पत्र वितरण गर्नु भयको थियो । नवनिर्वाचित अध्यक्ष सन्दिप कुमार गुरुङले अध्यक्ष जस्तो महत्वपुर्ण जिम्मेवारी पद दिनु भयकोमा समाजका सम्पुर्णलाई धन्यवाद दिदै सस्थालाइ थप कियाशिल बनाइ अघि बढने प्रतिबद्धता जनाउनुभयो ।

# नेवाद्वारा खानेपानी पहुँच विस्तार

पोखरापत्र संवाददाता
म्याग्दी, २६ साउन

म्याग्दीको मालिका, मंगला र धवलागिरी गाउँपालिकाका नौसय ५० घरधुरीमा निजी धारा जडान गरेर खानेपानी पहुँच विस्तार गरिएको छ ।

नेपाल स्वास्थ्यको लागि पानी (नेवा), स्थानीय तह र समुदायको लागत साझेदारीमा निर्माण भएका आयोजनाहरुबाट सात हजार सात सय ६२ जनसंख्या लाभान्वित भएका छन् । कुल रु. पाँच करोड ९१ लाख ४५ हजार आठ सय २९ को लागतमा खानेपानी आयोजनाहरु निर्माण भएका नेवाको गण्डकी प्रदेश कार्यालयले जनाएको छ ।

नेवाका प्रदेश प्रमुख रमेश दाहालका अनुसार आयोजनाको कार्यक्षेत्रका सबै घरधुरीमा निजी धाराका साथै विद्यालय, स्वास्थ्य संस्था र सामुदायिक भवनमा पनि थप १९ धारा जडान गरिएको छ ।

मालिका गाउँपालिका-२ को ठूलोरुममा दुई सय ७०, कलात भनारीमा ७३ र बिलवाङमा ६४ घरधुरीमा 'एक घर, एक धारा' जडान गरिएको मालिका-२ का वडाध्यक्ष उदय बुढाथोकीले जानकारी दिनुभयो । मालिकाकाको बिम डाँडागाउँ, दास, सिरेदी खोप्टी र जनप्रिय माध्यमिक विद्यालयमा निर्माण भएको खानेपानी आयोजनाबाट २३६ धारा जडान भएको छ। धवलागिरि गाउँपालिका-२ को लमसुङ र वडा नं. ४ खाम्लामा १०८ घरधुरीमा खानेपानी जडान भएको छ। मंगला - १ खानीगाउँमा ३७, वडा नं. २ खुम्लीया, त्यालेखोर, भाइवाङ्का १०० र हिदीका ६४ घरमा निजी धारा जडान भएको नेवाका प्राविधिक गोर्खबहादुर शाहीले बताउनुभयो । नेवाले रु. दुई करोड ८९ लाख ७० हजार नौ सय ५१ र स्थानीय तहहरुले रु. एक करोड २५ लाख ९३ हजार २३ लगानी गरेका छन् । रु एक करोड ४८ लाख ६६ हजार चार सय ४० बराबरको श्रमदान गरेका उपभोक्ताहरुले रु. २७ लाख १५ हजार चार सय १५ नगद लगानी गरेका नेवाले जनाएको छ । हिदी खानेपानी उपभोक्ता समितिका अध्यक्ष दलबहादुर पुनले घरघरका धारामा पानी आउन थालेपछि सार्वजनिक धारा, कुवा, पधेरामा धाउदा हुने समयको बचतको साथै सहज भएको बताउनुभयो । व्यवस्थित रुपमा वितरण भएपछि पानीको मितव्ययी प्रयोग हुन थालेको छ । पानीका कारणले समाजमा विवाद हुन छाडेको छ । सबैले आवश्यकता अनुसार भनेको सममयमा पानी प्रयोग गर्न पाएका छन् ।

# उपभोक्ताको बिरोधपछि महशुल फिर्ता

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २६ साउन

विद्युत नियमन आयोगले बीपीसीलाई विद्युत महशुल बृद्धि गर्न दिएको अनुमति तत्कालालाई फिर्ता गरेको छ । आफैले गरेको निर्णय उपभोक्ताको आन्दोलन र दवावका कारण फिर्ता लिएको हो ।

आयोगले जेठ १ गते असार देखी लागु हुनेगरी बीपीसीलाई एकतर्फी ४५ प्रतिशत देखी ७५ प्रतिशत महशुल बृद्धि गर्ने अनुमति दिएको थियो । महशुल बृद्धि भएपछि बीपीसीको उपभोक्ताहरुले यसको चर्को बिरोध गर्दै आयोग देखी प्रधानमन्त्री, उर्जा मन्त्री समक्ष ज्ञापनपत्र बुझाएका थिए । स्याङ्जाका भीरकोट, वालिङ, गल्याङ, चापाकोट नगरपालिका र पाल्पाका रामपुर र रम्भा पालिका जनप्रतिनिधि, राजनीतिकदल, उद्योगी व्यवसायी, उपभोक्ता लगायतको सहभागितामा महशुल फिर्ताको माग गर्दै आन्दोलन गरेका थिए । आयोगले महशुल बढाउने अनुमति दिदा उपभोक्ताको चित्त नबुझेमा पुनरावलोकन गर्ने व्यवस्था अनुरुप ६ पालिकाका उपभोक्ताहरुको तर्फबाट वालिङका नेत्रप्रसाद पाण्डेले पुनरावलोकन गर्न भन्दै निवेदन दिएका थिए । विद्युत नियमन आयोग ऐन २०७४ को दफा २२ बमोजिम उपभोक्ताले दिएको पुनरावलोकन निवेदनका आधारमा हाललाई बृद्धि गर्न दिएको अनुमति फिर्ता लिन आयोग बाध्यकारी भएको थियो । आयोगले बीपीसीका उपभोक्ताको गुनासोलाई सम्बोधन गरिदिएको छ । यस कार्यले आयोग उपभोक्ताको पक्षमा न्याय गर्ने रहछ भन्ने सन्देश दिएको छ । आयोगले साउन २२ गते एक पत्रजारी गर्दै २०८१ जेठ १ गते गोरखापत्रमा प्रकाशित गरेको विद्युत महशुल कार्यन्वयन नगर्नु र प्रचलित विद्युत महशुल नै कायम गर्नु भन्दै कम्पनीलाई आदेश दिएको छ । आयोगको २४३ औं बैठकले उपभोक्ताले दिएको पुनरावलोकन निवेदन अनुसार पुरानै महशुल कायम गरी कार्य अगाडी बढाउन बीपीसीलाई निर्देशन दिएको जनाएको छ । पुनरावलोकन पश्चात कायम हुने दर बारे सोको निर्णय भएपछि जानकारी गराउने समेत आयोगले जारी गरेको पत्रमा उल्लेख छ ।

आयोगका तत्कालिन अध्यक्ष दिल्ली बहादुर सिंहले आफ्नो पदावधी सकिन २ दिन बाँकी रहदा बीपीसीलाई एकतर्फी निर्णय गरेर महशुल बढाउने निर्णय गरिदिएका थिए । सिहले बीपीसीसँग रकम लेनदेन गरी विद्युत महशुल बढाउने अनुमति दिएको आरोप उपभोक्ताहरुले लगाउदै आएका थिए । आयोगमा नयाँ संचालक समिति आएपछि पुरानो समितिले गरेको निर्णय खारेजी गरिदिएको हो । महशुल बृद्धिको सिफारीस खारेज भएपछि संघर्ष समितिका संयोजक नेत्रप्रसाद पाण्डेले आयोगले गरेको निर्णयको स्वागत योग्य कार्य भएको बताएका छन् ।

बीपीसीको गुणस्तरीय सेवा, नेपाल सरकार सगँ भएको सम्झौता, मुआब्जा लगायतका अन्य मागहरु छलफल बाट टुङ्ग्याउने र बाँकी आन्दोलनका कार्यहरु हाललाई बन्द गरिएको जनाउ पाण्डेले दिए। पाण्डे लगायत संघर्षरत सबै राजनीतिकदलहरुले सयुक्त विज्ञप्ती जारीगर्दै आयोगले जनताको पक्षमा फैसला गरेको जनाएका छन्। यस कार्यमा सहयोग गर्ने सबै महानुभावहरुलाई आभार व्यक्त गर्दै बीपीसीका सबै कामहरु सुचारु गर्न समेत आब्हान गरेका छन् । महशुल फिर्ता पछि उत्पादन गृह रहेको गल्याङ्मा लगाइएको तालाबन्दी समेत खुलाइएको छ ।

अब पुरानै महशुलमा मिटर रिडिङ शुरु गर्ने तयारीमा कम्पनी रहेको बताइएको छ। महिनादेखी मिटर रिडिङ कार्य बन्द रहेको थियो । अब पुरानै दरमा मिटर रिडिङ हुने कार्य अगाडी बढाइने बीपीसीले जनाएको छ ।

# ग्रिनिङ र सिट्रस रोगले सुन्तलाका बोट मर्न थालेपछि किसान चिन्तित

पोखरापत्र संवाददाता
तनहुँ, २६ साउन

ग्रिनिङ र सिट्सरोगका कारण सुन्तलाका बिरुवा मर्न थालेपछि किसान चिन्तित भएका छन् । उक्त रोग लागेर सुन्तलाको बोट मर्नुका साथै उत्पादनमा ह्रास आउने भएपछि किसान निराश बनेका हुन् ।

कृषि ज्ञान केन्द्रका अनुसार यो रोग लागेपछि सुन्तलाको फेद कुहिने, बिरुवाको टुप्पोबाट मर्दै जाने, पात पहेँलो हुने र उत्पादनमा ह्रास आउनेलगायत समस्या देखापर्छ । व्यास नगरपालिका, म्याग्दे, भीमाद, आँबुखैरेनी, ऋषिङ, शुक्लागण्डकी र बन्दीपुर गाउँपालिका सुन्तलाखेतीका लागि पकेट क्षेत्रका रुपमा रहेका बाली संरक्षण अधिकृत एवं सूचना अधिकारी किरण परियारले जानकारी दिनुभयो ।

उहाँका अनुसार सिट्स सिल्लाका वयस्क र बच्चा दुवै अवस्थाका कीराले ग्रिनिङ रोग लागेका बिरुवाको पातबाट रस चुस्दछन् । उहाँले भन्नुभयो, "रोगी बोटबाट रस चुसेसँगै ग्रिनिङ रोग लगाउने ब्याक्टेरिया पनि कीराभित्र प्रवेश गर्दछ ।" रोगी बोटबाट ती कीराको माध्यमबाट क्रमशः बगैँचाभित्रका अन्य निरोगी बोटमा पनि रोग सार्ने काम गर्दछन् ।

आर्थिक वर्ष २०८०/८१ मा जिल्लामा एक हजार ८ सय ४५ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती गरिएको छ । अहिले नौ सय ६० हेक्टर क्षेत्रफलबाट उत्पादन भइरहेको छ । प्रतिहेक्टर बाह्र मेट्रिक टन सुन्तला उत्पादन क्षमता रहेको सो केन्द्रले जनाएको छ । आर्थिक वर्ष २०८०/८१ मा ११ हजार पाँच सय १८ मेट्रिक टन सुन्तला उत्पादन हुँदा रु ३० करोड बढीको सुन्तला बिक्री भएको थियो ।

कार्यालयबाट सुन्तलाखेतीका लागि क्षेत्र विस्तार कार्यक्रमअन्तर्गत अनुदान दिन थालेपछि बर्सेनि जिल्लामा सुन्तलाखेती विस्तार हुँदै गएको केन्द्र प्रमुख गोपाल शर्मा लामिछानेले बताउनुभयो । हाल आठवटा ब्लकमा सुन्तलाखेती हुँदै आएको छ । ब्लक बन्नका लागि न्यूनतम ७० हेक्टर क्षेत्रफल हुनुपर्ने प्रावधान छ । उहाँले भन्नुभयो, "ब्लकमा सुन्तलाखेती गर्न चाहने किसानले समूह र सहकारीमार्फत कलष्टर बनेर आउनुपर्ने व्यवस्था रहेको छ ।"

# स्याङ्जामा कविता महोत्सव हुँदै

पोखरापत्र संवाददाता
स्याङ्जा, २६ साउन

स्याङ्जा सदरमुकाम पुतलीबजारमा साउन ३१ गते खुल्ला कविता महोत्सव हुने भएको छ । पुष्प-चन्द्र ट्रष्टका संस्थापक चन्द्रलक्ष्मी श्रेष्ठको प्रथम वार्षिक पुण्यतिथिको अवसर पारेर स्याङ्जामा पहिलो पटक कविता प्रतियोगिता हुने भएको हो । आयोजकले पत्रकार सम्मेलन मार्फत कविता महोत्सव गर्ने तयारीमा जुटिरहेको संयोजक श्रेष्ठले जानकारी दिए । स्याङ्जालाई साहित्यिक जिल्लाको रुपमा चिनाउने उदेश्यले कविता प्रतियोगिता आयोजना गरिएको श्रेष्ठले पत्रकार सम्मेलनमा बताए ।

नेपाल प्रज्ञा प्रतिष्ठानका प्रथम कुलपति कविवर स्व. केदारमान व्यथित र स्व. पुष्पमान श्रेष्ठको नाममा स्थापना गरिएको पुष्प–चन्द्र ट्रष्ट स्थापना गरी स्याङ्जामा विभिन्न सामाजिक उत्तरदायित्व कार्यक्रम गर्दै आइरहेको आयोजकले जानकारी दिएको थियो । दुवैको सम्झनामा खुल्ला कविता प्रतियोगिता गर्न लागिएको प्रतियोगिताका संयोजक अनन्तकुमार श्रेष्ठले बाए । पुष्प-चन्द्र ट्रस्टको आयोजना तथा पुतलीबजार प्रज्ञाप्रतिष्ठान र स्याङ्जा साहित्य प्रतिष्ठानको सह-आयोजनामा नेपाली भाषा, कला, संस्कृती, साहित्य र शैक्षिक उन्नयनमा हाम्रो अनुष्ठान भन्ने मूल नाराका साथ कविता महोत्सव एवं प्रतियोगिता गर्न लागिएको छ ।

प्रतियोगितामा ६ प्रदेश र ४८ जिल्लाबाट १९९ वटा कविता प्राप्त भएको र ती मध्ये २० कवितालाई पहिलो छनौटगरी प्रत्यक्ष वाचनको लागि छनौटमा परेका छन् । साउन ३१ गते २० प्रतिस्पर्धीले कविता वाचन गरेपछि उनीहरु मध्येबाट उत्कृष्ट ३ र २ सान्त्वना कविता छनौटगरी पुरस्कृत गरिने बताइएको छ । प्रतियोगितामा प्रथम हुनेलाई १५ हजार ५५५, द्वितीयलाई ११ हजार १११, तृतीयलाई ७ हजार ७७७ र सान्त्वना दुई जनालाई जनही ३ हजार ३३३ रुपियाँ नगद सहित ट्रफी र प्रमाणपत्रले पुरस्कृत गरिने भएको छ ।

यसैगरी, फेदिखोला गाउँपालिकामा रहेको अमोर सेवा नेपाल (बालगृह) र एसईई परिक्षा ४ जिपिए ल्याई स्याङ्जा जिल्ला उत्कृष्ट भएका सुसान्त मरासिनीलाई सम्मान गर्ने बताइएको छ । पुतलीबजार नगरपालिकाका ४ वटा विद्यालयका ५ सय विद्यार्थीलाई पनि शैक्षिक सामाग्री बितरण गरिने भएको छ । पत्रकार सम्मेलनमा पत्रकार महासंघका अध्यक्ष श्रीकृष्ण सिग्देल, ट्रष्टका सचिव ओमप्रकाश शर्मा, महासंघका कोषाध्यक्ष रमेश गोदारले प्रतियोगिताको सफलताको शुभकामना व्यक्त गर्दै आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाएका थिए । प्रतियोगिता सुरु हुनुपूर्व विभिन्न जातजातिका भेषभूषा झाँकी सहितको शोभायात्रा गरिने र पुतलीबजार नगरपालिका १ स्थित सिटीहलमा पुगेर कार्यक्रम गरिने भएको छ । प्रतियोगिताका लागि अनुमानित १० लाख खर्च हुने आयोजकको अनुमान छ । विभिन्न सघसस्था, स्थानीय सरकार, बैंक वित्तिय सस्थाबाट आर्थिक सहयोग भएको आयोजकले जनाएको छ ।

# पाठ्यक्रम परिमार्जनगरी विद्यार्थीको आकर्षण बढाउँदै पोखरा विश्वविद्यालय

**रासस**
गण्डकी, २६ साउन

पछिल्ला वर्षमा कक्षा १२ उत्तीर्णपछि विद्यार्थी थप शिक्षा र रोजगारीका लागि विदेश जाने क्रम बढ्दो छ। विद्यार्थीलाई यही रोक्नका लागि विश्वविद्यालयले पुराना पाठ्यक्रमलाई परिमार्जनगरी समय सुहाउँदो बनाउन थालेका छन्।

पोखरा विश्वविद्यालयको विज्ञान तथा प्रविधि सङ्कायका डिन प्रा राजेशकुमार ठकुराठी विश्वविद्यालयले विद्यार्थीको आकर्षण बढाउनेगरी पाठ्यक्रम परिमार्जन गरेको बताउनुहुन्छ । युनाइटेट टेक्निकलकलेजभरतपुरलेशुक्रबार यहाँ आयोजना गरेको स्नातक र स्नातकोत्तरका नयाँ कार्यक्रम सुभारम्भका अवसरमा उहाँले भन्नुभयो, "पाठ्यक्रम अहिलेको परिवेश सुहाउँदो बजारले माग गरेअनुसारको बनाएका छौँ ।" सैद्धान्तिक ज्ञानमात्रै नभएर प्रयोगात्मक कक्षामा जोड दिइएको डिन ठकुराठीले बताउनुभयो।पहिलेपहिलेइन्टर्नसिप नहुने गरेकामा इञ्जिनियरिङ सङ्कायमा तीन महिनाको अनिवार्य इन्टर्नसिप गराएको उहाले बताउनुभयो । डिन ठकुराठीले भन्नुभयो, "सीपमूलक पाठ्यक्रम बनाएका छौँ ।" स्नातक तहमा क्याम्पसलाई आफूलाई चाहिने विद्यार्थी भर्ना गर्न पाउने व्यवस्था विश्वविद्यालयले गरेको छ । छात्रवृत्ति अन्य विश्वविद्यालयको तुलनामा आफूहरुले बढी दिएको उहाँले बताउनुभयो । विश्वविद्यालयले एक वर्षमा स्नातक तहमा मात्र एक हजार एक सय जनाभन्दा बढी विद्यार्थीलाई छात्रवृत्ति दिएको छ। आङ्गीक क्याम्पसमा २० प्रतिशत र सम्बन्धन प्राप्त कलेजमा १० प्रतिशत छात्रवृत्ति दिने गरेको डिन ठकुराठीले जानकारी दिनुभयो । विश्वविद्यालयमा ५८ सम्बन्धन प्राप्त, आङ्गीक चार र संयुक्त आङ्गीक तीन कलेज रहेका छन् । विज्ञान तथा प्रविधी सङ्कायमा २० क्याम्पस छन्। तीमध्ये एउटा आङ्गीक, एउटा संयुक्त आङ्गीक र १८ सम्बन्धन प्राप्त छन् । सबै कलेजले विद्यार्थी कोटाअनुसार पुऱ्याउन नसकेको उहाँले बताउनुभयो।

सो अवसरमा डिन ठकुराठीले चितवन र छिमेकी जिल्लाका लागि प्राथमिकता दिँदैं यहाँको युनाइटेड टेक्निकल कलेजमा यसै शैक्षिकसत्रबाट ब्याचलर अफ इञ्जिनियरिङ इन इन्फरमेसन टेक्नोलोजी (बिइ आइटी) तथा मास्टर अफ साइन्स इन ट्रान्सपोटेसन इञ्जिनियरिङ एण्ड म्यानेजमेन्टको पढाई सुरु गरेको बताउनुभयो । कार्यक्रममा कलेजका प्रिन्सिपल एवं शैक्षिक निर्देशक प्रा डा केशवदत्त अवस्थीले कलेजले बिइ आइटीमा ४८ जना तथा 'एमएससी इन ट्रान्सपोटेसन इञ्जिनियरिङ एण्ड म्यानेजमेन्ट'मा हरेक ६ महिनामा ३० विद्यार्थी भर्ना लिनेगरी पठनपाठन गर्न लागिएको बताउनुभयो।

कार्यक्रममा क्याम्पस सञ्चालक समितिका अध्यक्ष चूडामणि खनालले हाल कलेजले स्नातक तहमा बीइ कम्प्युटर, बीइ सिभिल, बीइ इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स तथा स्नातकोत्तर तहमा एमएससी इन कन्स्ट्रक्सन म्यानेजको अध्यापन गराइरहेको बताउनुभयो। कलेजबाट हालसम्म पाँच सय ९६ इञ्जिनियर उत्पादन भएको उहाँले बताउनुभयो । सो अससरमा त्रिभुवन विश्वविद्यालय पुलचोक क्याम्पसका निर्देशक एवं आइटी विज्ञ प्रा डा सुवर्ण शाक्य, पुलचोक क्याम्पसका उपप्राध्यापक एवं ट्रान्सपोटेसन इञ्जिनियरिङ विज्ञ डा प्रदीप श्रेष्ठ, जर्नलका प्रधानसम्पादक डा अञ्जयकुमार मिश्र, कलेजका प्रमुख प्रशासकीय अधिकृत विनोद ढकाललगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो।

# श्रीमदवीतक चर्चामा विशिष्ट ब्याक्तिको उपस्थितिसंगै भक्तजनको भीड

**पोखरापत्र संवाददाता**
पोखरा, २६ साउन



पोखराको श्रीकृष्ण प्रणामी मन्दिरमा जारी श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनमा शनिवार भक्तजनको भीड लागेको छ।

भक्तजनको भीड संगै आर्थिक सहयोग समेत जुटेदै गइरहेको छभने विभिन्न विशिष्ट ब्याक्तिहरुले समेत उक्त कार्यक्रममा सहभागीता जनाउने क्रम जारी रहेको छ। एक महिने कार्यक्रम अन्तर्गत श्रमदवीतक चर्चाको १७ औं दिन गण्डकी प्रदेश सभा सदस्य भीम कार्कीले समेत उक्त कार्यक्रममा सहभागीता जनाए।

सो अवसरमा वोल्दै कार्कीले धार्मिक प्रवचन कार्यक्रमले मानिसहरुलाई सत्मार्गमा लाग्नतर्फ प्रेरित गराउने बताए । धार्मिक क्षेत्रको संरक्षण र प्रवर्द्धनका लागि आफुले सरकार समक्ष सहयोगका लागि आग्रह गर्ने र आफ्नो तर्फबाट समेत सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गरे।

त्यस्तै समाजसेवी तथा धार्मिक ब्याक्तित्व तेजनारायण अधिकारीले वर्षेनी रुपमा श्रीकृष्ण प्रणामी मन्दिरमा आयोजना हुने श्रीमदवीतक कार्यत्रमले समाजमा सनातन धर्मको संरक्षणमा टेवा पुगेको वताए। युवा पुस्तामा धार्मिक जागरण आवश्यक रहेको वेलामा यस्ता कार्यक्रमले सहयोग पुऱ्याउने वताउदै धार्मिक सत्संगमा सहभागी भएर सत्कर्ममा लाग्नुपर्नेमा जोड दिए।

सो अवसरमा पोखरा महानगरपालिका वडा नं ७ का अध्यक्ष राममोहन आचार्य, वडा सचिव राजेन्द्र पौडेल, पोखरा महानगरपालिका वडा नं ८ का वडा सचिव सविता ढुंगाना र सदस्यहरु, पोखरा महानगरपालिका वडा नं ७ का निवर्तमान वडा अध्यक्ष रामचन्द्र बराल, निवर्तमान वडा सदस्यहरु प्रभा पन्त, सुकमाया नेपाली, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीका सभापति डण्डराज शर्मा, पोखरा महानगरपालिकाका निवर्तमान कार्यपालिका सदस्य ओम प्रसाद गौचन, नागरिक समाज पोखराका संस्थापक अध्यक्ष राम बहादुर पौडेल, पोखरा महानगरपालिकाका पूर्व वडा अध्यक्ष लेख बहादुर केसी, मदरल्याण्ड माविका प्राचार्य डा. नारायण बराल, श्रीकृष्ण माविका प्रध्यानाध्यापक प्रेम प्रसाद चापागाइ, नेकपा एमाले वडा नं ७ का सचिव दीपक वहादुर कार्की, उपसचिव कमला जलारी, धार्मिक ब्याक्तित्व तथा नेपाल सरकारका उपसचिव सेवानिवृत्त अनिल शाही, नेपाल रेडक्रस सोसाइटी पोखरा ७ उपशाखाका सभापति भोजराज बरालको उपस्थिती रहेको थियो । त्यस्तै इन्द्रापुरी टोल बिकास संस्थाका उपाध्यक्ष गणेश गिरी, इन्द्रापुरी टोल आमा समुहका अध्यक्ष मैया गिरी, प्रगतिटोल बिकास संस्थाका अध्यक्ष प्रकाश भुजेल, राधाकृष्ण टोल बिकास संस्थाका अध्यक्ष रुद्रनाथ अधिकारी, तिनकुने टोल बिकास संस्थाका अध्यक्ष गणेश श्रेष्ठ, जनप्रिय टोल बिकास संस्थाका अध्यक्ष भिमा पौडेल, नारी परोपकार महिला क्लबका अध्यक्ष अनिशा अधिकारी, रत्नचोक टोल बिकास संस्थाका अध्यक्ष पार्वती पनेरु, राष्ट्रबैंक चोक टोल बिकास संस्थाका अध्यक्ष गोकुल बहादुर कार्की, नुवारथोक टोल बिकास संस्थाका अध्यक्ष दामोदर बराल, मासबार आमा समुहका अध्यक्ष शारदा गिरी, शुभम गहन टोल बिकास संस्थाका अध्यक्ष प्रजापति वराल शान्तीनगर टोल बिकास संस्थाका अध्यक्ष लिलाभक्त बराल, ज्येष्ठ नागरिक मञ्च वडा नं ७ का अध्यक्ष डिल्लीराम बराल लगायतको उपस्थिती रहेको श्रीकृष्ण प्रणामी सेवा समितिका सचिव लक्ष्मण वरालले जानकारी दिए। भदौ १० गते श्रीकृष्ण अष्टमी सम्म सञ्चालन हुने श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनमा श्रीकृष्ण प्रणामी धर्मका धर्म प्रचारक तुलसी स्वरुप महाराज प्रमुख बाचक र लिलाम्बर सापकोटाले उपबाचकको रुपमा प्रवचन प्रदान गरिरहेका छनभने भजन संगीतमा संगीतकार बालकृष्ण आचार्य र तवेलामा सुजन बन्जराले साथ दिइरहेका छन । हरेक दिन ११ बजे देखी २ बजे सम्म श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचन हुने श्रीकृष्ण प्रणामी सेवा समितिका अध्यक्ष मोहन प्रसाद ढकालले बताए।

# तनहुँमा सात सय ५४ जनामा डेङ्गी सङ्क्रमण

**रासस**
दमौली, २६ साउन

तनहुँ जिल्लामा डेङ्गी सङ्क्रमण बढ्दै गएको छ। शुक्रबारसम्म जिल्लाका पाँच स्थानीय तहका सात सय ५४ जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएको छ।

जिल्ला स्वास्थ्य कार्यालयका पब्लिक हेल्थ नर्स पूजा कुँवरका अनुसार व्यास नगरपालिका, शुक्लागण्डकी नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका र भिमाद नगरपालिकामा डेङ्गी सङ्क्रमण पुष्टि भएको छ । अहिलेसम्म भानु नगरपालिका, म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिका, घिरिङ गाउँपालिका र देवघाट गाउँपालिकामा भने सङ्क्रमित फेला परेका छैनन्। व्यासमा ५७, शुक्लागण्डकीमा एक सय पाँच, भिमादमा दुई, बन्दीपुरमा ३५ र आँबुखैरेनीमा पाँच सय ५४ जनामा डेङ्गी पुष्टि भएको छ । जिल्लास्थित सरकारी अस्पताल र निजी क्लिनिकमा गरिएको परीक्षणअनुसार उनीहरुमा डेङ्गी पुष्टि भएको हो । डेङ्गी सङ्क्रमण बढेसँगै सतर्कता अपनाउन आग्रह गरिएको छ। शुक्लागण्डकी नगरपालिकास्थित तनहुँ सेवा अस्पताल, आले मेडिकल हल, युआरएल ल्याब्रोटोरी, खैरेनीटार अस्पताल र जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा डेङ्गी परीक्षण गरिएको छ। एक्कासी तीनदेखि पाँच दिनसम्म ज्वरो आउनु यो रोगको मुख्य लक्षण हो। यसरी आएको ज्वरो पाँचदेखि सात दिनसम्म रहिरहन सक्दछ । यसका साथै बेस्सरी टाउको दुख्नु, आँखाको गेडी दुख्नु, शरीरमा डाबरहरु आउनु, अरुची हुनु, जोर्नी तथा मांशपेशी बेस्सरी दुख्नु, पेट तथा आन्द्रामा गडबडी हुनु पनि डेङ्गीको लक्षण भएको दमौली अस्पतालका प्रमुख डा परिवर्तन बरालले जानकारी दिनुभयो। पूरा शरीर ढाकिनेगरी कपडा लगाउनु, लामखुट्टेको टोकाइबाट बच्न मल्हमजस्ता सामग्री प्रयोग गर्नु, सधैं राति र दिउँसो पनि झुलभित्र सुत्ने, घरवरपर खेतबारीमा काम गर्न जाँदा लामखुट्टेको टोकाइबाट बच्न ध्यान पुऱ्याउनु यसबाट बच्ने प्रमुख उपाय हुन्। गर्मी मौसममा जिल्लामा सबैभन्दा बढी व्यास नगरपालिकामा डेङ्गी सङ्क्रमित भएका थिए । जिल्लाभर करिब सात हजार सङ्क्रमित रहेकामा कूल सङ्क्रमितको ८० प्रतिशत व्यास नगरपालिकामा थिए। त्यस्तै चार जनाको डेङ्गी सङ्क्रमणबाट मृत्युसमेत भएको थियो । व्यास नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले विगतका वर्षमा जस्तो समस्या खेप्न नपरोस् भनि समयमै घर वरपर जमेका पानीका खल्डाखुल्डी पुर्ने, झाडी पन्छाउने र नाला सरसफाइ गर्ने कार्यलाई निरन्तरता दिइएको बताउनुभयो । उहाँका अनुसार १४ वटै वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक तथा संस्थागत विद्यालय, टोल विकास संस्थालाई परिपत्र गर्दै अभियान सञ्चालनका लागि निर्देशन दिएको छ । जिल्लाका १० मध्ये तीन स्थानीय तहमा डेङ्गीका बिरामी देखा परेका छन् । आँबुखैरेनी, शुक्लागण्डकी र व्यास नगरपालिकामा डेङ्गीका बिरामी बढ्दै गएको जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी सुदीप कँडेलले जानकारी दिनुभयो । डेङ्गी बिरामी बढ्दै गएपछि यस क्षेत्रमा सरसफाइका साथै स्वास्थ्य परीक्षण गराउन आग्रह गरिएको छ। 'लामखुट्टे खोज र नष्ट गर' अभियान चलाइएको छ । जनप्रतिनिधि, स्थानीयवासी, शिक्षक, विद्यार्थीलाई सचेत गराई लामखुट्टे रहनसक्ने ठाउँमा पानी जम्ने खाल्डाखुल्डी पुर्ने, झाडी फाँड्ने, टायर हटाउने, गमला व्यवस्थित गर्ने कार्य अगाडि बढाइएको उहाँले बताउनुभयो।

"विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम अगाडि बढाइएको छ", सूचना अधिकारी कँडेलले भन्नुभयो । विपद् व्यवस्थापनको महामारीलाई ध्यानमा राखी सरोकारवाला निकायबीच बृहत् छलफल गरिएको छ। शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रमा डेङ्गीका बिरामी बढ्दै गएपछि उपचारका लागि छुट्टै वार्डको व्यवस्था गरिएको केन्द्र प्रमुख डा रामकुमार श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार डेङ्गीका बिरामीको उपचारका लागि १५ शय्याको व्यवस्था गरिएको छ।

# तनहुँमा बस दुर्घटना हुँदा तेह्र यात्रु घाइते

**रासस**
तनहुँ, २६ साउन

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-३ मिलनचोकमा शनिबार बस दुर्घटना हुँदा १३ जना घाइते भएका छन्। राजमार्गमा गुडिरहेका मिनीबस र माइक्रोबस अनियन्त्रित भई अचानक सडकमा पल्टिँदा दुर्घटना भएको हो।

सवारी दुर्घटनामा परी घाइते भएकाहरूको आँबुखैरेनी अस्पतालमा उपचार भइरहेको तनहुँका प्रहरी नायब उपरीक्षक दीपककुमार रायले जानकारी दिनुभयो। उहाँकानुसार करिब एक सय मिटरको दूरीमा दुईवटा बस दुर्घटनामा परेको हुन्। बिहानदेखि सिमसिमे पानी परिरहेकाले बस चिप्लिएर दुर्घटना भएका थिए । लमजुङबाट नारायणगढतर्फ जाँदै गरेको ग१ज ८२९४ नम्बरको विद्युतीय माइक्रोबस र दमौलीबाट मुग्लिनतर्फ जाँदै गरेको बा४ख ४४७० नम्बरको मिनीबस अनियन्त्रित भई सडकमा पल्टिएका थिए।

# बाँदर आतङ्कले आजित बागलुङका किसान

**रासस**
बागलुङ, २६ साउन



एक दशक अगाडि बागलुङका ग्रामीण क्षेत्रमा बाक्लो बस्ती थियो। स्थानीयले बारीभरि मकै, कोदो र गहुँ उत्पादन गर्थे तर पछिल्लो समय यहाँ बस्ती सुनसान छन् । यहाँ बसाइँसराइ गर्ने क्रम बढ्दो छ । गाउँमा भएका कोही युवा विदेश त कोही सहर छिरिसकेका छन् । अहिले यहाँ अधिकांश बूढापाका मात्रै छन्।

"उब्जाउने जमिन त छ तर बाँदरले गरिखान दिँदैनन् । जेनतेन खेतीपाती गरे पनि भित्र्याउन पाइँदैन, बाँदरले बारीमै नष्ट गरिसक्छन्", जैमिनी नगरपालिका-४ की मायादेवी पौडेल भन्नुहुन्छ,"खानैका लागि बजारको अन्नमा भरपर्नु परेपछि यहाँ बसेर के गर्नु! भनेर धेरैले यहाँबाट बसाइँ सर्दैछन् ।" उहाँले गाउँमा रहेका केही किसान पनि जीविकोपार्जनका लागि गरिएका बालीनाली बाँदरले नष्ट गरिदिने समस्याले आजित भएका बताउनुभयो । बाँदर आतङ्ककै कारण धेरैले बसाइँ सरिसकेका र बाँकी रहेकाहरू पनि बसाइँसराइ गर्न बाध्य भएको उहाँको भनाइ छ। एक दशकअघिसम्म गाउँमा देखा नपरेको बाँदर अहिले हुलका हुल बारीमा आउँछन्, तरकारीदेखि खाद्य बाली केही नराखी नष्ट गरिदिन्छन्। जसले गर्दा गाउँका किसान आजित भएका हुन् । जिल्लामा बसाइँसराइ गरी बजार झर्ने र विदेश जानेमध्ये गलकोट र जैमिनी नगरपालिका तथा काठेखोला गाउँपालिकामा बढी छन्। युवा विदेशीने र गाउँमा बूढापाका मात्रै भएकाले घर छेऊकै खेतबारी झाडीमा परिणत भएका छन् । जसका कारण बाँदरलगायत वन्यजन्तु सजिलै घरमा छिर्ने गरेका स्थानीयले बताएका छन् । बाँदरले करेसाबारीमा लगाएका बाली मात्रै होइन घरको बार्दलीमा झुण्ड्याएर राखिएका सामानसमेत नष्ट गरिदिने कृषक पौडेलले बताउनुभयो । "यसपटक पनि बारीमा लगाइएको मकैले घोगा हाल्न थालेसँगै बाँदरले बोट नै सखाप पारिसक्यो। बँचेका बाली जोगाउन एकजना कुरुवा भएर दिनभर खटिनुपर्ने बाध्यता छ", उहाँले सुनाउनुभयो,"पहिला-पहिला कहिलेकाहीँ मात्र बाँदर देखिन्थ्यो, अहिले त बाह्रै महिना गाउँमै बस्न थालेको छ, एउटा भए पो धपाउन पनि सजिलो हुन्छ, पाँच-सात सयको हुल हुन्छ, एक्लै त धपाउन पनि सकिन्नँ।"

काठेखोला गाउँपालिका-५ का बलिभद्र कँडेल बाँदरले उठिबास लाउने अवस्था आएको गुनासो गर्नुहुन्छ। "बाँदरले बारीमा लगाएको केही पनि बाँकी राख्दैनन्, एउटा बारीको मकै १० मिनेटमै सोत्तर बनाइदिन्छ, हामीलाई त बाँदरले उठिबास लगाउने भयो, बाँदर धपाउने अनेक उपाय अपनाइयो तर केही लागेन, कहिले त घरभित्रै आएर सबै सामान नष्ट गरिदिन्छ", उहाँले भन्नुभयो । पहिले केही आवाज आउने वस्तु बजाउँदा भाग्ने बाँदर अचेल उल्टै मान्छेलाई नै आक्रमण गर्न आउने कारणले थप समस्या भएको कँडेल बताउनुहुन्छ। "पहिले भाग्ने गरेको बाँदर सचेत निकै चलाख र बाठो हुँदै गएको छ। आवाज मात्रै होइन मान्छे नै खटिए पनि टेर्दैनन्, उल्टै आक्रमण गर्न आउँछन् । अब सरकारले नै समस्या समाधानका लागि पहल नगर्ने हो भने बाँकी रहेकाहरू पनि गाउँ छाडेर जान बाध्य हुने अवस्था आउँदैछ।"